# वराहपोखरी गाउँपालिका, खोटाङको

# "स्थानीय तहमा कार्यरत कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८०"

## गाउँकार्यपालिकाबाट प्रमाणिकरण मिति : २०८०।०२।२९


वराहपोखरी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

बाघखोर भञ्याङ, खोटाङ

कोशी प्रदेश, नेपाल

# वराहपोखरी गाउँपालिका, खोटाङको

# "स्थानीय तहमा कार्यरत कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८०"

**प्रस्तावना :** कोशी प्रदेश सरकारबाट स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको "स्थानीय सेवा (गठन तथा संचालन) अध्यादेश, २०८०" मा गरिएको तह वृद्धि सम्बन्धी व्यवस्थालाई व्यवस्थित र पारदर्शी ढङ्गले कार्यान्वयन गर्न वाञ्छनीय भएकोले, कोशी प्रदेश सरकारबाट स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको अध्यादेश, २०८० को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी वराहपोखरी गाउँपालिका, खोटाङले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "स्थानीय तहमा कार्यरत कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "अध्यादेश" भन्नाले कोशी प्रदेशले जारी गरेको "स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८०" लाई सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले वराहपोखरी गाउँपालिका सम्झनुपर्छ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले वराहपोखरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(घ) "प्रदेश" भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्दछ ।

(ङ) "प्रदेश लोक सेवा आयोग" भन्नाले कोशी प्रदेशको प्रदेश लोक सेवा आयोग सम्झनु पर्दछ।

(च) "समायोजन ऐन" भन्नाले कर्माचारी समायोजन ऐन, २०७५ लाई सम्झनु पर्दछ ।

(छ) "स्थायी पद" भन्नाले निवृतभरण वा योगदान मुलक निवृतभरण वा उपदान पाउने र म्याद नतोकिएको स्थानीय सेवाको पद सम्झनु पर्दछ ।

(ज) "कर्मचारी" भन्नाले वराहपोखरी गाउँपालिकाको स्थानीय सेवाको पदमा वहाल, दरबन्दी रहेका स्थायी कर्मचारी सम्झनु पर्दछ र सो शब्दले कर्मचारी समायोजन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भई वराहपोखरी गाउँपालिकामा दरबन्दी रहेका कर्मचारीलाई जनाउँछ ।

(झ) "तह वृद्धी सिफारिस समिति" भन्नाले दफा ४ को उपदफा (१) बमोजिमको तह वृद्धिको सिफारिसका लागि गठित समितिलाई सम्झनु पर्दछ।

(ञ) "अख्तियारवाला" भन्नाले अध्यादेशको दफा १५ बमोजिम स्थानिय सेवामा नियुक्ति पदस्थापन र अवकाशको निर्णय गर्ने अधिकारीलाई सम्झनु पर्दछ ।

(ट) "स्थानीय तह" भन्नाले वराहपोखरी गाउँपालिका सम्झनु पर्दछ ।

## परिच्छेद २

## तह वृद्धिका आधार, अवस्था र प्रक्रिया

**३. सूचना प्रकाशन गर्ने :** (१) यो कार्यविधि बमोजिम वराहपोखरी गाउँपालिकाको स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तह वृद्धिका लागि कार्यालयले कम्तीमा एक महिना अगावै सम्भाव्य उम्मेदवारहरुका लागि गाउँपालिकाको सूचना पाटी, वडा कार्यालयहरुको सूचना पाटी र गाउँपालिकाको वेभसाईटमा दरखास्त आव्हानको सूचना प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिदा अनुसूची -१ बमोजिमको ढाँचामा दिनुपर्नेछ ।

**४. तह वृद्धि सिफारिस समिति :** (१) अध्यादेशको दफा ४(५), ८(१६) र दफा २८ बमोजिम गाउँपालिकामा कार्यरत कर्मचारीको तह वृद्धि गर्न दफा २८(३) अनुरुपको देहाय बमोजिम सिफारिस समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत -अध्यक्ष

(ख) कार्यपालिकाले तोकेको एक महिला -सदस्य

(ग) वरिष्ठ कर्मचारी (१ जना) -सदस्य सचिव

(२) सिफारिस समितिको बैठकको कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) यस कार्यविधि अनुरुप तह वृद्धि भएका कर्मचारीलाई अनुसूची -३ बमोजिमको ढाँचामा तह वृद्धिको पत्र दिईनेछ ।

**५. आवश्यक न्यूनतम योग्यता र सेवा अवधि:** (१) स्थानीय सेवामा कार्यरत कर्मचारीको तह वृद्धि गर्दा तह वृद्धि हुने पदभन्दा एक तह मुनीको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका, पछिल्लो तिन वर्षको कार्य सम्पादन मूल्यांकनमा औषत नब्बे प्रतिशत अंक प्राप्त गरेका र देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई देहाय बमोजिम सम्बन्धित सेवा, समूह वा उपसमूहभित्र तह वृद्धि गरिनेछ :

| क्र.सं. | हालको तह | तह वृद्धि हुने तह | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|---|---|
| | | | स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा | स्थानीय स्वास्थ्य सेवा |
| १ | पाँचौ | छैटौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा कक्षा १२ उत्तीर्ण | स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| २ | सातौं | आठौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण | स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| ३ | नबौं | दशौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको | स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

(२) अध्यादेशको दफा ८ को उपदफा (१) बमोजिम कार्यक्षमताको मूल्याङ्कन तथा ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा बढुवा हुने पदहरुमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सम्बन्धित सेवा, समूह वा उपसमूहको पदमा बढुवा हुन सम्भाव्य उम्मेदवार हुने तल्लो पदमा सेवाकालीन तालिम लिएका र पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसतमा कम्तिमा नब्बे प्रतिशन अङ्क प्राप्त गरेका र विज्ञापन हुनुभन्दा अघिको असार मसान्तसम्ममा देहाय बमोजिमको न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पुगेको हुनुपर्नेछः-

| बढुवा हुने पद | बढुवा हुन लाग्ने सेवा अवधि | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|---|
| | | स्वास्थ्य सेवा बाहेकका अन्य सेवा | प्रदेश स्वास्थ्य सेवा |
| अधिकृत एघारौं | अधिकृत दशौं तहमा कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको | स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| अधिकृत नवौं | अधिकृत आठौं तहमा कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको | स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| अधिकृत सातौं | अधिकृत छैटौं तहमा कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा कम्तीमा १२ वा सो सरह उत्तीर्ण गरेको | स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

| | | | |
|---|---|---|---|
| सहायक पाचौं | सहायक चौथो तहमा कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा एस.ई.ई. वा सो सरह उत्तीर्ण गरेको | स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

६. **तह वृद्धि सम्बन्धी विशेष व्यवस्था :** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अध्यादेशको दफा ४ को उपदफा (५) बमोजिम स्थानीय तहको सहायक तेश्रो र चौंथो तहको पदमा समायोजन भई अध्यादेश जारी हुँदाका दिन सम्ममा पाँच वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीलाई एक पटकका लागि क्रमश: चौथो र पाँचौ तहमा स्वत: तह वृद्धि गरिनेछ ।

(२) अध्यादेशको दफा ८ को उपदफा (१६) अनुसार निजामती सेवा बाहेक अन्य सेवाबाट स्थानीय तहमा समायोजन भई सेवा अवधि ५ वर्ष पूरा गरेका पाँचौ, सातौं र नवौं तहमा कार्यरत कर्मचारीलाई अध्यादेशको दफा २८ को प्रकृया पूरा गरी क्रमश: छैटौं, आठौं र दशौं तहमा वृद्धि गरिनेछ ।

(३) अध्यादेशको दफा ८ को उपदफा (१६) बमोजिम अधिकृतस्तर सातौं र नवौं तहका पदहरुमा दफा २९ को प्रकृया पूरा गरी बढुवा समितिले बढुवा गर्नेछ ।

(४) संघीय लोक सेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा स्थानीय सेवाको छैटौं तहको पदमा सिफारिस भई नियुक्ति भईसकेका कर्मचारीलाई स्थानीय सेवाको सातौं तहका लागि आवश्यक न्युनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवालाले सातौं तह कायम गरी दिने । यसरी सातौं तह कायम गर्नुपूर्व संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्नु पर्नेछ ।

(५) उपदफा (१), (२), (३) र (४) बमोजिम तह वृद्धिको लागि तिस दिनको समय दिई गाउँपालिकाको सूचना पाटी, वडा कार्यालयहरुको सूचना पाटी र नगरपालिकाको वेभसाईटमा सूचना प्रकाशन गरिनेछ । तह वृद्धिको लागि योग्य उम्मेदवारले अनुसूची -२ बमोजिमको ढाँचामा देहायका कागजात संलग्न गरी तोकिएको म्यादभित्र गाउँकार्यपालिकाको कार्यालयमा आवेदन दर्ता गराउनु पर्नेछ ।

क) स्थायी नियुक्ति पत्रको प्रतिलिपि,

ख) हालको पदमा बढुवा वा स्तरवृद्धि भएको भए सो को प्रतिलिपि,

ग) समायोजन भएको पत्रको प्रतिलिपि,

घ) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि,

ङ) न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपिहरु ।

(६) उपदफा (५) बमोजिम तह वृद्धिको आवेदन प्राप्त भएपछि प्रकाशित सूचना अवधी समाप्त भएको मितिले पन्ध्र दिनभित्र प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय गरी तह वृद्धिको पत्र दिनु पर्नेछ ।

(७) उपदफा (१) बमोजिमको तह वृद्धि हुने कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी नियुक्ती पत्र दिनेछ ।

(८) यस दफा बमोजिम तह वृद्धि हुँदा त्यस्तो पद स्वत: माथिल्लो तहको पदमा कायम हुनेछ र त्यसरी तह वृद्धि भएको कर्मचारी जुनसुकै कारणले सो पदमा नरहेमा त्यस्तो पद साबिककै तहमा कायम हुनेछ ।

(९) उपदफा (१) र (२) बमोजिम तह वृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाईपाई आएको तलब भन्दा घटी हुने भएमा खाईपाई आएको तलब भन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ ।

(१०) **कामकाजमा खटिएका कर्मचारी सम्बन्धी व्यवस्था:** कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गत दरबन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानीय तहमा तह वृद्धि हुने । एक स्थानीय तहबाट अर्को स्थानीय तहमा कामकाजमा खटिएका कर्मचारीको हकमा दरबन्दी/पदाधिकार रहेको कार्यालयमा तह वृद्धि गरिनेछ ।

७. **ज्येष्ठता कायम :** तह वृद्धि गर्दा प्रत्येक आर्थिक वर्षको माघ एक र श्रावण एक गतेबाट ज्येष्ठता कायम हुने गरी वर्षको दुई पटक प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धिको निर्णय गर्नुपर्नेछ । सो प्रयोजनका लागि दफा ३ बमोजिम सूचना प्रकाशन गर्नुपर्नेछ ।

८. **बाधा अडकाउ फुकाउने :** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ उत्पन्न भएमा बाधा अडकाउ फुकाउने अधिकार प्रदेश लोक सेवा आयोगको परामर्शमा गाउँ कार्यपालिकामा रहनेछ ।

९. **तह वृद्धि गर्न नहुने :** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहको कर्मचारी देहायको अवस्थामा देहायको अवधिभर बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पाउनेछैन र उक्त अवधिभर निजको तह वृद्धि समेत रोक्का गरिनेछ:

(क) निलम्बन भएकोमा निलम्बन अवधिभर,

(ख) तह वृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

(ग) तलब वृद्धि रोक्का भएकोमा तलब वृद्धि रोक्का भएको अवधिभर,

(घ) स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा ४२ बमोजिम सेवा वा समूह परिवर्तन भएको मितिले तीन वर्षको अवधिभर,

(ङ) असाधारण विदा वा अध्ययन विदामा बसेकोमा सो विदाको अवधिभर,

(च) स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक परिषदमा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर ।

१०. **जानकारी दिनुपर्ने :** (१) यस कार्यविधि बमोजिम कार्यालयले गरेको तह वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिनभित्र प्रदेश किताबखाना, मन्त्रालय र प्रदेश लोकसेवा आयोगलाई दिनुपर्नेछ ।

११. **उजुरी, गुनासो र पुनरावेदन :** तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी, गुनासो वा पुनरावेदन गर्न सकिनेछ ।

## परिच्छेद-३

## विविध

१२. **प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा उल्लेख भएका विषयको हकमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१३. **संशोधन :** वराहपोखरी गाउँ कार्यपालिका, खोटाङले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

**शालिकराम बन्जारा**

**गाउँपालिका अध्यक्ष**

# अनुसूची -१

## दफा ३ को उपदफा (२) सँग सबन्धित

## <u>दरखास्त फारामको ढाँचा</u>

१. कार्य अनुभव सम्बन्धी विवरण (पार्टटाइम सेवा बाहेक)

| क सं | कार्यालयको नाम र पुरा ठेगाना | पद | सेवा/समूह/उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | कार्यरत अवधि | | जम्मा अवधि | | | भौगोलिक क्षेत्र (वर्ग) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | वर्ष | महिना | दिन | |
| | | | | | | | | | | | |

२. असाधारण विदा सम्बन्धि विवरण

| क सं | विदाको अवधि | | जम्मा अवधि | | |
|---|---|---|---|---|---|
| | देखि | सम्म | वर्ष | महिना | दिन |
| | | | | | |
| | | | | | |

३. समावेशी समूहमा (अनुसूचीमा सुचिकृत बाहेक) दरखास्त बुझाउने उम्मेदवारहरुका लागि

| समावेशी समूह | सिफारिस गर्ने अधिकारिक निकाय/जिल्ला प्रशासन कार्यालय | सिफारिस लिएको मिति |
|---|---|---|
| | | |
| | | |
| | | |

४. आवेदन दिने पदको लागि चाहिने न्युनतम शैक्षिक योग्यताको विवरण उल्लेख गर्ने (Transcript, Provisional र Marksheet मध्ये कुनै एकको मिति अनिवार्य)

| क सं | शैक्षिक संस्था | शैक्षिक उपाधीको विवरण | संकाय | श्रेणी/प्रतिशत | मूल विषय | उत्तिर्ण गरेको साल | Transcript जारी मिति | Provisional जारी मिति | Marksheet जारी मिति | चारित्रिक प्रमाणपत्र जारी मिति | समकक्षता लिएको मिति/संस्था |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

मैले आवेदन गरेको पदको लागि यस फाराममा खुलाएका विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको विज्ञापनको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । मैले पेश गरेको विवरण झुट्टा ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु । उम्मेदवारले पालन गर्ने भनी प्रचलित कानून तथा विज्ञापन हुँदाका बखत तोकिएका सबै शर्त तथा नियमहरु पालना गर्न मञ्जुर गर्दछु ।

उम्मेदवारको ल्याप्चे सहीछाप

| दायाँ | बायाँ |
|---|---|
| | |

उम्मेदवारको दस्तखत
नाम थरः
मितिः
**Master ID:**

उम्मेदवारले माथि उल्लेख गरेका अनुभव सम्बन्धी विवरण ठीक छ भनी प्रमाणित गर्ने विभागीय प्रमुख/कार्यालय प्रमुखको
दस्तखतः
नाम थरः
पद/दर्जाः
मितिः
कार्यालयको छापः

## अनुसूची २

## दफा ७ को उपदफा (५) सँग सम्बन्धित

**श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,**

**वराहपोखरी गाउँपालिका, खोटाङ ।**

**विषय : <u>तह वृद्धि गरि पाउँ ।</u>**

प्रस्तुत सम्बन्धमा यस वराहपोखरी गाउँपालिकाको तह वृद्धि सम्बन्धी मिति .................................. गते प्रकाशित सूचना अनुसार हाल म तपसिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिमको पदमा तह वृद्धि हुन योग्य रहेको हुँदा तपसिल बमोजिमको कागजात सहित यो निवेदन पेश गर्दछु ।

**तपसिल**

१. स्थायी नियुक्तिको पत्र
२. समायोजनको पत्र ।
३. बढुवा/स्तरवृद्धि/तह वृद्धि भएको पत्र ।
४. नेपाली नागरिकताको प्रमाणपत्र ।
५. शैक्षिक योग्यताको प्रमाण पत्र ।

| **हाल कार्यरत पद:** | **तह वृद्धि गरेको पद:** |
|---|---|
| पद : | पद : |
| सेवा : | सेवा : |
| समूह : | समूह : |
| स्तर : | स्तर : |
| कार्यालय : | कार्यालय : |

माथि उल्लेखित सबै व्यहोरा ठिक साँचो हो झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

**<u>निवेदक</u>**

नाम :

दस्तखत :

क.सं. नम्बर :

## अनुसूची -३

## दफा ४ को उपदफा (३) सँग सम्बन्धित

**विषय : <u>तह वृद्धि गरिएको</u>**

तपाईलाई वराहपोखरी गाउँकार्यपालिकाको कार्यालयको मिति ............................... गतेको निर्णयानुसार स्थानीय सेवा (गठन तथा संचालन) अध्यादेश, २०८० को ........................................ मिति ......................... गतेदेखि ज्येष्ठता कायम हुने गरी स्थानीय सेवामा तपसिल बमोजिम तह वृद्धि गरिएको छ । तह वृद्धि हुनु भएकोमा हार्दिक बधाई तथा कार्य सफलताको कामना गर्दछु ।

तपसिल

| **हाल कार्यरत पदः** | **तह वृद्धि गरेको पदः** |
|---|---|
| पद : | पद : |
| सेवा : | सेवा : |
| समूह : | समूह : |
| स्तर : | स्तर : |
| कार्यालय : | कार्यालय : |

श्री ...............................

क.सं. नम्बरः .................

...................................

प्रमुख प्रशासकीय अधिकृत

**<u>बोधार्थ</u>**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाडौं ।

श्री लोक सेवा आयोग, केन्द्रिय कार्यालय, अनामनगर काठमाडौं ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेश विराटनगर मोरङ ।

श्री राष्ट्रिय किताबखाना (निजामती) पुल्चोक ललितपुर ।

श्री प्रदेश लोक सेवा आयोग, विराटनगर मोरङ ।

श्री प्रदेश किताबखाना, विराटनगर मोरङ ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर काठमाडौं ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, खोटाङ ।

श्री कर्मचारी संचयकोष, विराटनगर मोरङ ।

श्री आर्थिक प्रशासन शाखा, वराहपोखरी गाउँपालिका, खोटाङ ।